भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन,
२०७३

मितिः२०८०/०३/२७

**शोक वक्तव्य**

भरतपुर महानगरपालिकाका प्रमुख श्री रेनु दाहालको ममतामयी माता एवम् सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको धर्मपत्नी सीता दाहालको आज मिति २०८० असार २७ गते विहान ८:३३ बजे उपचारको क्रममा नर्भिक अस्पताल काठमाडौंमा भएको असामयिक निधनको खबरले सिंगो भरतपुर महानगरपालिका परिवार स्तब्ध एवम् मर्माहत भएको छ।

वि.सं. २०११ असार २१ गते कास्की जिल्लाको हेम्जामा बुवा महेश्वर पौडेल र आमा हरिकला पौडेलको कोखबाट जन्मिनुभएकी सीता दाहालको २०२६ सालमा प्रधानमन्त्री प्रचण्डसँग विवाह भएको थियो। भरतपुर महानगरपालिका वडा नं. १४ शिवनगर निवासी दाहाल लामो समयदेखि पार्किन्सनजस्तो दुर्लभ रोग लगायतका रोगहरूबाट ग्रसित हुनुहुन्थ्यो। स्व.दाहालका चार सन्तानमध्ये जेठी छोरी ज्ञानु दाहालको क्यान्सर र छोरा प्रकाश दाहालको हृदयघातका कारण निधन भइसकेको छ। एकपछि अर्को शोक व्यहोर्दै आएको दाहाल परिवार यतिखेर मातृवियोगको शोकमा छ।

शोकको यस दुःखद् घडीमा शोकाकुल परिवारजनलाई ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी प्राथना गर्दै दिवंगत दाहालप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं।

..............................
नरेन्द्र कुमार राना
(प्रमुख प्रशासकीय अधिकृत)